**अपिहिमाल गाउँपालिकाको गाउँ सभामा संवत् २०८१ साल असार १० गते गाउँपालिकाका उपाध्यक्ष श्री देवकी देवी बोहराले प्रस्तुत गर्नु भएको**

**आर्थिक वर्ष २०८१/०८२ को**

# बजेट वक्तव्य

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१

**अपिहिमाल गाउँपालिकाका उपाध्यक्ष श्री देवकी देवी बोहराबाट गाउँ सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८१/०८२ को बजेट व्यक्तव्य**

**सभाध्यक्ष महोदय,**

१. नेपालको संविधानको धारा २३० बमोजिम अपिहिमाल गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँ सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएकी छु । यस अवसरमा सर्वप्रथम म राष्ट्रप्रति समर्पित भई राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धा-समुन अर्पण गर्दछु । साथै, नेपालको समग्र राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलनका घाइते र बेपत्ता भएका नागरिकहरूप्रति उच्च तथा भावपूर्ण सम्मान प्रकट गर्दै त्यस्ता युगान्तकारी प्रक्रियामा नेतृत्व दायी भूमिका निर्वाह गर्ने सबै अग्रज तथा शिखर व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२. प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, मौलिक हक, गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना, मध्यमकालिन खर्च संरचान, सुदूरपश्चिम प्रदेशको आवधिक योजना, सोह्रौ राष्ट्रिय आवधिक योजना, दिगो विकास लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता, गाउँपालिकाको सामाजिक-साँस्कृतिक तथा भौगोलिक विविधता र मानव विकासको अवस्था, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण एवम् गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताका सम्बन्धमा प्राप्त सुझावलाई प्रमुख मार्गदर्शनका रूपमा लिएकी छु । त्यसैगरी राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, प्राज्ञिक एवम् वुद्धिजीवि वर्ग, आमसंचार जगत, आमनागरिक लगायतका सरोकारवालाबाट प्राप्त सुझाव समेतलाई बजेट तथा कार्यक्रम निर्माणको आधारका रूपमा लिएकी छु ।

३. उत्पादन र उत्पादकत्व अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तथा रोजगारी सृजना, गरिबी, बेरोजगारी र वञ्चितिकरणको न्यूनीकरण, उच्च र समन्यायिक आर्थिक वृद्धि, दिगो पूर्वाधार विकास र नवप्रवर्तन, शासकीय सुधार एवम् सुशासन हासिल गर्ने उद्देश्यका साथ निर्माण गरिएको वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेस गर्ने अनुमति चाहन्छु ।

४.	वर्तमान बजेट तथा कार्यक्रम गाउँपालिकामा उपलब्ध भौतिक तथा प्राकृतिक, आर्थिक एवम् वित्तीय र मानव स्रोत साधनको रणनीति परिचालन, प्रभावकारी वित्त व्यवस्थापन, संस्थागत क्षमता विकास, वित्तीय अनुशासन, मानव पूँजी निर्माण, नतिजामूलक आयोजना व्यवस्थापन, पूँजीगत खर्च दक्षता अभिवृद्धि, तीव्र, उच्च र फराकिलो आर्थिक वृद्धि, दिगो र सन्तुलित विकास, सामाजिक-सांस्कृतिक रूपान्तरण, रोजगारी सिर्जना, स्वरोजगार र उद्यमशीलता प्रवर्द्धन केन्द्रत रहेकोछ।

**सभाध्यक्ष महोदय,**

**अब म, गाउँपालिकाको आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु**

५.	चालु आर्थिक वर्षमा कूल गाउँपालिकाको जेठ मसान्त सम्मको खर्च रू. १९ करोड २२ लाख, ९८ हजार अर्थात विनियोजनको ६०.९९ प्रतिशत भएको छ। गाउँपालिकाको जेठ मसान्त सम्मको कूल खर्च मध्ये चालु खर्च रू. १३ करोड, ८४ लाख अर्थात विनियोजनको ६३.६९ प्रतिशत, पूँजीगत खर्च रू ५ करोड, ३८ लाख, ९७ हजार अर्थात विनियोजनको ५५.०३ प्रतिशत खर्च भएको छ। गाउँपालिकाको कूल खर्च असार मसान्त सम्म ८० प्रतिशत हुने संशोधित अनुमान रहेको छ।

६.	चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु खर्च, आर्थिक विकासमा रू. ५४ लाख, ४४ हजार अर्थात विनियोजनको ४६.५९ प्रतिशत खर्च भएको छ। त्यस्तै सामाजिक विकासमा रू. ८ करोड ७८ लाख, ६९ हजार अर्थात विनियोजनको ६५.६४ प्रतिशत खर्च भएको छ। पूर्वाधार विकास तर्फ रू. ४ लाख ७७ हजार अर्थात विनियोजनको ५०.२५ प्रतिशत खर्च भएको छ। सुशान तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. ५८ लाख, ५२ हजार अर्थात विनियोजनको ६७.५९ प्रतिशत खर्च भएको छ। श्रम तथा रोजगारी तर्फ ४१ लाख, २४ हजार अर्थात विनियोजनको ९७.९५ प्रतिशत खर्च भएको छ।

७.	चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. ८९ लाख ७ हजार अर्थात विनियोजनको ४२.७९ प्रतिशत खर्च भएको छ। सामाजिक विकास तर्फ रू. १ करोड ३१ लाख ७० हजार अर्थात विनियोजनको ५५.९१ प्रतिशत खर्च भएको छ। पूर्वाधार विकास तर्फ रू. २ करोड, ७७ लाख, ७ हजार अर्थात विनियोजनको ६१.२३ प्रतिशत खर्च भएको छ। सुशासन तथा अन्तरसम्बन्धित तर्फ २० लाख ९ हजार अर्थात विनियोजनको

८०.३७ प्रतिशत खर्च भएको छ। कार्यालय संचालन तथा प्रशासनिक तर्फ २१ लाख २ हजार अर्थात विनियोजनको ५५.०२ प्रतिशत खर्च भएको छ। श्रम तथा रोजगारी तर्फ २० लाख ९ हजार अर्थात विनियोजनको ८०.३७ प्रतिशत खर्च भएको छ।

८. चालु आर्थिक वर्षको क्षेत्रगत आधारमा जेठ मसान्त सम्मको चालु र पूँजीगत खर्च, आर्थिक विकास तर्फ रू. १ करोड ४४ लाख १३ हजार अर्थात विनियोजनको ४४.३५ प्रतिशत खर्च भएको छ। सामाजिक विकास तर्फ रू. १० करोड २२ लाख, ८६ हजार अर्थात विनियोजनको ६४.९८ प्रतिशत खर्च भएको छ। पूर्वाधार विकास तर्फ रू २ करोड, ९४ लाख ४४ हजार अर्थात विनियोजनको ६३.७३ प्रतिशत खर्च भएको छ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रू. ७९ लाख ६१ हजार अर्थात विनियोजनको ७०.४२ प्रतिशत खर्च भएको छ।

९. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म संघीय सरकारको सामानीकरण अनुदान, सशर्त अनुदान चालु, सशर्त अनुदान पूँजीगत, विशेष अनुदार पुँजीगत र समपूरक अनुदान पूँजीगत रू. १७ करोड ७६ लाख अर्थात प्रस्तावितको ८४.७३ प्रतिशत प्राप्त भएकोछ। प्रदेश सरकारको समानीकरण अनुदान, सशर्त अनुदान चालु, सशर्त अनुदान पूँजीगत, विशेष अनुदान चालु र विशेष अनुदान पूँजीगत रू. १ करोड, ५४ लाख, ३९ हजार अर्थात प्रस्तावितको ७५.६३ प्रतिशत प्राप्त भएकोछ।

१०. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म गाउँपालिकाको राजस्व रू १६ लाख १९ हजार अर्थात लक्ष्यको ६०.३२ प्रतिशत संकलन भएको छ। असार मसान्त सम्म लक्ष्यको ७० प्रतिशत हुने अनुमान गरिएको छ। खास गरी गाउँपालिकाको क्षेत्र भित्र संचालन भईरहेका व्यापार व्यवसायहरू गाउँपालिकाको कार्यालयमा दर्ता तथा नविकरण नहुनु, देश व्यापीरूपमा आर्थिक गतिविधिमा आएको शिथिलता लगायत विविध कारणले राजस्व परिचालन कमजोर रहन गएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म, अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती तथा अवसर संक्षेपमा प्रस्तुत गर्न चाहन्छु**:

११. नेपाल सरकार, प्रदेश सरकारको राजस्व संकलनमा आएको न्यूनता र गाउँपालिकाको सीमित आर्थिक क्षेत्राधिकार, न्यून राजस्व परिचालन क्षमता, संघ र प्रदेश सरकारको अनुदानमा निर्भरताका कारण गाउँपालिकाको स्रोतमा कमी आउँदा गाउँपालिकाको समग्र स्रोत व्यवस्थापन र सन्तुलनमा दबाब परेको छ।

१२. आयोजना तथा कार्यक्रमको पूर्वतयारी र प्राथमिकीकरण, विनियोजन कूशलता, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकन, अन्तरनिकाय समन्वय र उत्तरदायित्व एवम जवाफदेहीता प्राणालीमा प्रभावकारीताको कमीले पूँजीगत खर्चमा न्यूनता र चालु खर्चको आकार बढेका कारण गाउँपालिकाको आयोजना व्यवस्थापन र वित्त परिचालन तथा व्यवस्थापनलाई सन्तुलित र समन्यायिक बनाउनु पर्ने चुनौती सिर्जना भएको छ।

१३. गाउँपालिकाको आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउन सक्ने ठूला आयोजनामा पर्याप्त स्रोत तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसक्दा आयोजनाको लागत र समय बढ्दै गएका कारण पूँजी निर्माण, रोजगारी सिर्जना, आर्थिक वृद्धि तथा गाउँपालिकाको अर्थतन्त्रमा गतिशिलता हासिल गर्नु ठूलो चुनौती रहेको छ।

१४. भौगोलिक जटिलताका कारण गाउँपालिकाको सदरमुकाम लगायत सबै वडा कार्यालयको सदरमुकाम सम्म सडक संजालबाट जोड्न ठूलो आर्थिक स्रोतको आवश्यकता पर्ने भएकाले उक्त स्रोतको व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको छ।

१५. संघ र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरणको प्रभावकारी रूपमा परिचालन गर्ने र अनुदानको उपयोग एवम खर्चको अनुगमन तथा मूल्यांकन र प्रतिवेदन प्रणाली समेत प्रभावकारी बनाउनु पर्ने अवस्था छ।

१६. वित्तीय संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन तहगत सरकारबीच बजेट कार्यक्रम तर्जुमा, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकन, प्रतिवेदन, वित्तीय अनुशासन, राजस्व सुधार र नीति व्यवस्थापनका विषयमा प्रभावकारी समन्वय, सहकार्य तथा सामञ्जस्य कायम गर्नु चुनौतीपूर्ण रहेको छ।

१७. गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीमा सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउन नसक्दा आर्थिक आत्मनिर्भरताको लक्ष्य भेट्टाउन नसकिने भएको छ। संघ तथा प्रदेश सरकारको अनुदानमा आयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्दा समय-समयमा अनुदानमा कटौती गरिंदै आएकाले गाउँपालिकालाई आर्थिक दायित्व बढ्दै गएको छ। सो दायित्व व्यहोर्न आवश्यक स्रोतको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

१८. पर्यटकीय दृष्टिकोणमा गाउँपालिका उत्कृष्ट गन्तव्य हुँदा हुँदै पनि सीमित स्रोत साधनका कारण आवश्यक पर्यटकीय पूर्वाधारहरुको निर्माण, पर्यटकीय गन्तव्यहरूको बारेमा पर्याप्त प्रचार-प्रसार, पर्यटन व्यावसायका सम्बन्धमा गाउँपालिकाका वडा, टोल, बस्तीहरूमा सचेतनात्मक तथा

जानकारीमूलक कार्यक्रमहरू लगायत संचालन हुन नसक्दा अपेक्षित रूपमा आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिएको छैन । पर्यटन क्षेत्रलाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

१९. गाउँपालिकाको बजेट प्रणालीलाई आधुनिक, नतिजामूलक र सूचना प्रविधिमैत्री बनाउन बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्य, जलवायू परिवर्तन, लैंगिक समानता तथा सामजिक समावेशीकरण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन जस्ता अवधारणालाई आन्तरिकीकरण गर्नु र सूचना प्रविधिको सुरक्षित प्रयोग बढाउनु पर्ने चुनौती रहेको छ ।

२०. माथि उल्लिखित चुनौतीका बाबजुद गाउँपालिकाले लिएको पहलकदमीले गाउँपालिकाको आर्थतन्त्रमा सकारात्मक संकेत देखिन थालेका छन । चालु आर्थिक वर्षको प्रथम र दोस्रो त्रैमासको तुलनामा पछिल्लो त्रैमासमा आर्थिक क्रियाकलाप विस्तार भएको छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने आयोजना तथा कार्यक्रमहरु निर्माण सम्पन्न भएका छन । गाउँपालिकाबाट लक्षित वर्ग, विभिन्न पेशा, व्यावसायमा संलग्न भएका तथा नयाँ पेशा व्यवसाय अबलम्बन गर्न चाहने ईच्छुक गाउँपालिकाबासीहरुलाई सीप विकास तालिम र आवश्यक प्रविधिहरू अनुदानमा दिई आर्थिक क्रियाकलापमा बढोत्तरी हुँदै गएको छ । आगामी दिनमा नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधार गरी अर्थतन्त्रलाई लयमा फर्काउन गाउँपालिका सरकार दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहान्छु ।

२१. गाउँपालिकाको आन्तरिक राजस्व परिचालन, प्रभावकारी आयोजना व्यवस्थापन, पूँजीगत खर्च दक्षता अभिवृद्धि र चालु खर्चमा उच्च मितव्ययिता, वित्तीय उत्तरदायित्व र अनुशासन, तहगत सरकारबीच प्रभावकारी समन्वय, शासकीय सुधार, सेवा प्रवाह, नवप्रवर्तन र सुशासनलाई मध्यनजर गर्दै प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु ।

२२. गाउँपालिकाको समानुपातिक तथा समन्यायिक विकास, स्रोत विनियोजनमा न्याय, कमजोर वर्गको संरक्षण, मानव विकासमा बढोत्तरी एवम् आत्मनिर्भर र स्वचालित अर्थतन्त्र निर्माणमा उच्च योगदान गर्ने गरी बजेटका उद्देश्य तथा प्राथमिकता निर्धारण गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

२३. माथि उल्लिखित चुनौती र अवसरलाई मनन गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाउने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्ने तर्फ जोड दिएकी छु । सार्वजनिक

स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्नुका साथै उपलब्ध अवसर तथा लाभको समन्यायिक वितरण गरी धनी र गरीब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेकी छु।

**आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन् :-**

२४. "**सुन्दर, समृद्ध र विकसित अपिहिमाल**" निर्माण गर्ने ध्येयका साथ बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेकी छु:

(क) उत्पादनमूलक क्षेत्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रचुर लगानी मार्फत उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि गर्नु,

(ख) लगानीमैत्री एवम् व्यावसायिक वातावरण निर्माण गर्दै उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गरी उत्पादनमुखी, आत्मनिर्भर र स्वचालित अर्थतन्त्रको निर्माण गर्नु,

(ग) कृषि तथा पशुपन्छी, वन तथा जडिबुटी र पर्यटन क्षेत्रको विविधिकरण, आधुनिकीकरण, व्यावसायिकरण र बजारीकरण गर्नु,

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र आवास, सशक्तिकरण, क्षमता विकास जस्ता क्षेत्रमा पर्याप्त लगानी गर्दै सामाजिक विकास, साँस्कृतिक रूपान्तरण तथा सामाजिक न्याय र समता हासिल गर्नु,

(ङ) व्यावसायिक, प्राविधिक र बजारमुखी शिक्षा तथा सीपको विकास एवम् तालिम मार्फत स्वरोजगार तथा उद्यमशीलताको प्रवर्धन गरि मानव पूँजी निर्माण गर्नु,

(च) एकीकृत, गुणस्तरीय, आधुनिक, वातावरणमैत्री एवम् जलवायु परिवर्तन र विपदको प्रभावलाई थेग्न सक्ने उत्थानशील भौतिक पूर्वाधारको विकास गर्नु,

(छ) वित्त सार्वजनिक खर्चको प्राथमिकीकरण, विनियोजन कुशलता र सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन र सन्तुलन कायम गर्नु,

(ज) आन्तरिक राजस्व परिचालन क्षमता अभिवृद्धि, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँडको प्रभावकारी उपयोग गर्दै वित्तीय संघीयता कार्यान्वयनमा जोड दिनु,

(झ) तथ्य प्रमाणमा आधारित नीति निर्माण, अनुगमन तथा मूल्यांकन र नतिजामूलक आयोजना व्यवस्थापनका लागि सूचना प्रविधि, तथ्यांक प्रणाली सुदृढीकरण तथा अनुसन्धान र विकासमा जोड दिनु,

(ञ) गाउँपालिकाको सार्वजनिक सेवा वितरणमा विधिको पालना, सूचना प्रविधिको उच्चतम प्रयोग एवम् नवप्रवर्तन, संस्थागत क्षमता विकास खुलापन तथा वित्तीय अनुशासन मार्फत शासकीय सुधार, प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूती गराउनु ।

**सभाध्यक्ष महोदय,**

**अब म बजेटका उद्देश्य पूरा गर्न तय गरिएका प्राथमिकता प्रस्तुत गर्दछु:**

२५. बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छु:

(क) रोजगारी सिर्जना, उद्यमशीलता विकास र गरिबी तथा आर्थिक समानता न्यूनीकरण,

(ख) कृषि क्षेत्रको विविधिकरण, आधुनिकीकरण र व्यवसायीकरण,

(ग) पर्यटन क्षेत्रको पहिचान, संरक्षण, प्रचारप्रसार तथा विकास र विस्तार,

(घ) दिगो, गुणस्तरीय र प्रतिफलमुखी र उत्थानशील भौतिक पूर्वाधार विकास,

(ङ) उत्पादनमुखी, व्यावसायिक, प्रतिस्पर्धी तथा अनुसन्धानमूलक शिक्षाको विकास,

(च) पर्याप्त दक्ष जनशक्ति तथा अत्याधुनिक पूर्वाधारयुक्त आधारभूत एवम् विशिष्टकृत स्वास्थ्य सेवा,

(छ) सामाजिक सुरक्षा तथा संरक्षण, सशक्तिकरण र सामाजिक न्याय,

(ज) संस्कृति, भाषा, कला र साहित्यको संरक्षण, यूवा तथा खेलकूद विकास र परिचालन,

(झ) वन वातावरण, जलाधार तथा जैविक विविधता संरक्षण, जलवायू परिवर्तन एवम दिगो विकास,

(ञ) संस्थागत सवलीकरण, प्रभावकारी सेवाप्रवाह, सूचना प्रविधिको प्रयोग र शासकीय सुधार एवम् सुशासन,

(ट) बजेट प्रणाली सुधार, खर्चको प्राथमिकीकरण, विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धि,

(ठ) आन्तरिक स्रोत परिचालन अभिवृद्धि र अन्तरसरकारी वित्तको उपयोग ।

**सभाध्यक्ष महोदय,**

**अब म बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।**

२६. बजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिएकी छु ।

(क) नेपालको संविधान र संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,

(ख) संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

(ग) दिगो विकासका लक्ष्यहरु,

(घ) स्थानीय सरकार संचालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,

(ङ) नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु,

(च) संघीय सरकारको १६ औं योजना, सुदुरपश्चिम प्रदेश सरकार र अपिहिमाल गाउँपालिकाको आवधिक योजना,

(छ) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन,

(ज) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सृजित दायित्व,

(झ) प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु,

(ञ) एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४,

(ट) अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम,

(ठ) गाउँपालिकाका जनप्रतिनिधि, राजनीति दल, विषयगत शाखा, निजी क्षेत्र, संचार जगत, बुद्धिजिवि वर्गबाट प्राप्त राय सुझावहरू समेटी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम बजेट प्रणालीमा सुधार प्रस्ताव गरेकी छु ।**

२७. गाउँपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्यसँग समाञ्जस्य हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा एवम प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजनलाई उच्च प्राथमिकता दिइनेछ ।

२८. गाउँपालिकाको आयोजना बैंकमा सूचीकृत आयोजना छनौट र प्राथमिकीकरणलाई उच्च प्राथमिकता दिँदै उच्च आर्थिक र सामाजिक लाभ दिने, रोजगारी सिर्जना र पूँजी निर्माणमा योगदान पुऱ्याउने, रणनीतिक महत्व र रूपान्तरणकारी आयोजनामा बजेट विनियोजन गर्ने नीति लिएकी छु ।

२९. तत्काल आवश्यक नभएका तथा साना टुक्रे र अनुत्पादनशील आयोजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गरेकी छु ।

३०. गरिबी निवारण, बेरोजगारी एवम् श्रमपलायनलाई रोक्न गाउँपालिकाका श्रमशक्तिलाई ज्ञान, सीप, तालिम तथा प्रशिक्षण मार्फत उद्यमशील, एवम् स्वरोजगार बनाउने तथा औद्योगिक विकासमा योगदान पुऱ्याउन सक्ने जनशक्ति निर्माणमा जोड दिने कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. बजेट तर्जुमा तथा कार्यान्वयन, नतिजामूलक आयोजना व्यवस्थापन, तथ्यांक सुदृढीकरण, प्रतिस्पर्धी अर्थतन्त्र निर्माण तथा हरित अर्थतन्त्र विकासका लागि डिजिटलाईजेसन तथा सूचना प्रविधिको उपयोग गर्दै सेवा प्रवाहमा नवप्रवर्तन र सुशासन प्रवर्धन गरिनेछ ।

३२. सडक, पुल, बाटो, विद्यालय, स्वास्थ्य संस्था लगायत आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोको आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी आयोजनाको छनौट र कार्यान्वयन गरिनेछ ।

**आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्द्धन**

३३. अर्थतन्त्रको संरचनागत रूपान्तरण गर्ने आर्थिक सुधार कार्यक्रम अगाडि बढाइने छ । यो सुधार मूलतः अर्थतन्त्रमा प्रतिस्पर्धात्मक क्षमताको विकास, कार्यकूशलता अभिवृद्धि, संस्थागत सुदृढीकरण, गाउँपालिकामा सूचना प्रविधि तथा नवप्रवर्तन, उद्योग स्थापनामा प्रोत्साहनमा केन्द्रित हुनेछ ।

३४. व्यवसायमैत्री वातावारण सिर्जना गरी निजी क्षेत्रको मनोबल बढाइने छ । लगानी विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न क्षेत्रगत रूपमा नीतिगत र प्रक्रियागत सुधारको प्रस्ताव गरेको छु।

३५. प्राथमिकीकरण नगरी साना आयोजना तथा कार्यक्रमहरूमा स्रोत साधन छर्ने प्रवृत्ति रोक्ने प्रयासका बाबजुद सीमित स्रोत तथा बढ्दो माग र अपेक्षाका कारण पूर्ण रूपमा रोक्न सकिएको छैन । आगामी आर्थिक वर्षमा कार्यक्रम र आयोजनाको औचित्य तथा आवश्यकताको सघन समीक्षा गरी बजेट प्रणालीमा थप सुधार र पुनर्संरचना गरिनेछ ।

३६. माथि उल्लेखित नीतिगत तथा संरचनागत सुधारले बजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपिक्षा गरेकी छु ।

**सभाध्यक्ष मोहदय,**

**अब म, आगामी आर्थिक वर्षको बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

**कृषि, पशुपन्छी तथा सहकारी**

३७. कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायिकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ । कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ । कृषियोग्य भूमिको संरक्षण, बाँझो जग्गाको सदुपयोग गरिनेछ । कृषियोग्य बाँझो जमिनमा पशुपालन, उच्च मूल्यका फलफुल, गैरकाष्ठ वन पैदावार तथा नगदेबाली खेती गर्न प्रोत्साहित गरिनेछ । बिउबिजनमा आत्मनिर्भरताका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरिनेछ । मोटोको अम्लीयपना घटाउन र उत्पादन वृद्धि गर्न प्राङ्गारीक खेतीलाई प्रोत्साहित गरिनेछ । कृषक समूह र सहकारीसँग समन्वय गरी एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यन्वयन गरिनेछ । कृषकहरूलाई उत्पादनमा उत्प्रेरित गर्न कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ । "**रैथानेमा गर्व गरौ**" नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यन्न बाली विस्तार गरिनेछ ।

३८. कृषि शिविर, माटो परीक्षण शिविर, घुम्तिबाली संरक्षण सेवा सञ्चालन गरिनेछ । स्रोत बिउको संकलन गर्न बिउ बैंकको स्थापना गरिनेछ । व्यवसायिक तरकारी खेती, मसला खेती, अमिला जातका फलफूल खेतीमा विशेष जोड दिइनेछ । कृषिबालीमा रोगको नियन्त्रणका लागि आवश्यक औषधिको व्यवस्था गरिनेछ । रैथाने बालीको प्रवर्द्धन, उत्कृष्ठ कृषकलाई पुरस्कार अमिलो प्रजातीका फलफुलको प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ । किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्याउ/ ओखर पकेट कार्यक्रम संचालन गरिनेछ । यसका लागि रू. २३ लाख विनियोजन गरेकी छु ।

३९. कृषि तथा पशुपालन पेशा व्यवसायमा आवद्ध कृषकहरूलाई प्रोत्साहन गरिने छ । आगामी आर्थिक वर्षमा कृषि तथा पशुपंछी व्यवसायमा आवद्ध कृषकहरूबाट उत्कृष्ट कृषक छनौट गरी गाउँपालिकास्तरीय उत्कृष्ट कृषक पुरस्कार दिइनेछ ।

४०. अपिहिमाल गाउँपालिकामा सुदूरपश्चिम प्रदेश स्तरीय भेडा स्रोत केन्द्र स्थापना गरिनेछ । उक्त स्रोत केन्द्रबाट भेडापालन सम्बन्धी अध्ययन अनुसन्धान साथै उन्नत जातको भेडाको नश्ल सुधार हुने व्यवस्था मिलाइनेछ । पशुपन्छीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि पशुको जातीय सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ । रैथाने जात र नश्लका पशुपन्छीका जातीय सुधारलाई प्रथामिकता दिइनेछ । पशुपन्छीका खोर तथा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । पशुमा लाग्ने रोग तथा माहामारी रोकथाम गरिनेछ । कृषक पाठशाला सञ्चालन गरिनेछ । गाउँपालिकामा भेडा स्रोत केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रू. १५ लाख ८० हजार विनियोजन गरेकी छु ।

४१. सहकारीलाई उत्पादनमूलक बनाई यूवा रोजगार, आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकास गरिने छ । सहकारीहरुको विकास, विस्तार र नियमन तथा सहकारीबाट पूँजी निर्माण गरी रोजगारी श्रृजना गर्न सक्ने नीति लिइनेछ । सहकारी तथा वित्तीय क्षेत्र व्यवस्थान गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

४२. कृषि विकास शाखा, पशुपन्छी सेवा इकाई र सहकारीका लागि रू. ५० लाख २१ हजार विनियोजन गरेकी छु ।

**पर्यटन तथा साँस्कृतिक सम्पदा**

४३. अनुपम प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता लगायत पर्यटकीय सम्भावनाको उपयोग गरी गाउँपालिकालाई देशकै आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। पर्यटन प्रवर्द्धन, प्रचार प्रसार गर्न "**भिजिट अपिहिमाल**" कार्यक्रमलाई निरन्तरता दिइनेछ । चालु आर्थिक बर्षमा पाँच हजार पर्यटक भित्र्याउन सफल भएकोमा अगामी आर्थिक बर्ष २०८१।८२ मा अपिहिमाल भ्रमण गर्ने पर्यटकहरुको संख्या दश हजार पु¥याइनेछ क्रमश: अगामी दश बर्ष भित्र एक लाख पर्यटक भित्र्याउने गरी कार्यक्रम अघि वढाइनेछ।

४४. गाउँपालिकामा रहेका पर्यटकीयस्थलहरूको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिने छ। अपि परिचय यात्रा (Familiarization Trip) लाई निरन्तरता दिइनेछ। पर्यटन प्रवद्धन गर्न पर्यटकीय सहासिक खेलको आयोजना गर्न आवश्यक पहल गरिनेछ।

४५. पर्यटनलाई मुख्य आधारमानी यहाँका नागरिकहरुको जिविकोपार्जनमा सहयोग पु¥याउन एग्रो टुरिजम कार्यक्रममा जोड दिइनेछ। मित्र राष्ट्र भारत चीन लगायत तेस्रो मुलुकका पर्यटक भित्र्याउन पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम गरिनेछ। पर्यटन क्षेत्रमा कृयाशिल निकायहरु नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, TAAN, NMA, NATTA, HAN, नेपाल पर्वातारोहण प्रतिस्ठान पत्रकार महासंघ लगायत संघ संस्थाहरुसँग आवश्यक सहकार्य गरी पर्यटन प्रवर्द्धनका कृयाकलापहरु सञ्चालन गरिनेछ। यसका लागि रू १० लाख विनियोजन गरेकी छु।

**लघु उद्यम तथा उद्योग बिकास**

४६. गरिवी निवारणका लागि लघुद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुको स्तरोन्नती, आवश्यकता पहिचान पुनर्ताजगी तालिम संचालन गरिनेछ। लघु तथा साना उद्योगहरु संचालन गर्ने निजीक्षेत्र तथा समूहहरुलाई सहुलियत तथा प्रोत्साहन स्वरुप अनुदान, प्रविधि तथा सहुलियत ऋणको व्यवस्था मिलाउन पहल गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित भई सञ्चालन हुने उद्योगहरूलाई प्रोत्साहन गरिनेछ। स्थानीय उत्पादनको प्रवर्द्धन, बजारिकरण, लेभलिङ र ब्राण्डिङमा अनुदानको व्यवस्था मिलाइनेछ। यसका लागि रू. १८ लाख विनियोजन गरेकी छु।

४७. अपिहिमाल गाउँपालिकालाई लगानीको उचित गन्तव्य बनाउन लगानीमैत्री नीति अख्तियार गरिनेछ । गाउँपालिका क्षेत्रभित्र वनजन्य, कृषिजन्य, पशुजन्य, मासुजन्य र दुग्धजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्ताहरुलाई आकर्षित गरिनेछ । नवप्रवर्तनमा आधारित व्यवसायलाई प्राथमिकता दिइनेछ । यसका लागि रू. ३० लाख विनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय**

**शिक्षा यूवा तथा खेलकूद**

४८. शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइनेछ । आहा नमुना डिजिटल कक्षा कार्यक्रमलाई निरन्तररुपमा माथिल्लो कक्षाहरुमा बिस्तार गरिनेछ । गाउँपालिका क्षेत्रमा रहेका विद्यालयलाई बालमैत्री, अपांगमैत्री सहित दक्ष जनशक्ति, पूर्वाधारयुक्त विद्यालय, व्यवहारिक सीप विकास र शिक्षालाई गुणस्तरीय बनाइनेछ ।

४९. विद्यालयलहरुको क्षमता अभिवृद्धि, गुणस्तरीय र अभिभावकहरुलाई थप जिम्मेवार वनाउन **"हाम्रो विद्यालय हामी बनाउँछौं"** कार्यक्रम संचालन गरिनेछ सो कार्यक्रम संचालनको लागि स्वंयम सेवक शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय शैक्षिक सामग्री तथा विद्यालयको शैक्षिक प्रशासन सुधार लगायतको कार्यको लागि विद्यालयमा एकमुष्ट अनुदानको व्यवस्था गरिनेछ । यसका लागि रू १ करोड ७९ लाख ६० हजार विनियोजन गरेकी छु ।

५०. शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारीहरु तथा पदाधिकारीहरूको क्षमता विकासका लागि प्रविधिमा आधारित तालिम, स्थलगत शैक्षिक भ्रमण, कार्यशाला, अनुभव आदान प्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । आगामी आर्थिक वर्षलाई शैक्षिक उपलब्धी सुधार वर्ष, कक्षा १ देखि ८ सम्म स्थानीय हाम्रो अपि पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरिनेछ। यसका लागि रू. ११ लाख विनियोजन गरेकी छु ।

५१. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिकाको शिक्षा योजना निर्माण गरिनेछ र सोही बमोजिम शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ । प्रत्येक वडामा कम्तीमा पनि एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयको रुपमा विकास गर्न नमूना विद्यालय कार्यक्रम

संचालन गरिनेछ । विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय भान्सा सुधारकोलागि सरोकारवाला संघ संस्था संगको सहकार्यमा भान्सा घर निर्माण गरिनेछ साथै सबै विद्यालयमा ग्यास र चुलो वितरण गरिनेछ। यसका लागि रू. १७ लाख विनियोजन गरेकी छु।

५२. गरिब, असाह्य जेहेन्दार तथा विकट वस्तीका विद्यार्थिहरुलाई छात्रावासको व्यवस्था मिलाईनेछ। स्थानीय अल्पसंख्यक विद्यार्थिहरुलाई दिइदै आएको छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ। एक विद्यालय एक ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ। अध्यक्षसँग बालबालिका कार्यकक्रम सञ्चालन गरिने छ। यसका लागि रू.११ लाख १८ हजार विनियोजन गरेकी छु।

५३. गाउँपालिकास्तरमा खेलमैदान र कार्यक्रमस्थलको निर्माण गरिनेछ। एक वडा एक खेलमैदानको नीति लिइनेछ । गाउँपालिकामा आवधिक रुपमा विभिन्न खालका खेलकूद प्रतियोगिताहरु आयोजना गरी उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्दै खेलाडीहरुको प्रतिभा विकास गर्ने नीति लिइनेछ। गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्ष कप भलिवल र अपिहिमाल अध्यक्ष प्रिमियर लिग क्रिकेट प्रतियोगिता व्यवस्थित र भव्यरुपमा आयोजना गरी सम्पन्न गरिनेछ। यसका लागि रू. १५ लाख विनियोजन गरेकी छु।

५४. शैक्षिक पहुँच सुनिश्चता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन गरिनेछ। विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिइनेछ। सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई नि:शुल्क सेनेटरी प्याड उपलब्ध गराइनेछ। यसका लागि २५ लाख ७३ हजार विनियोनन गरेकी छु।

५५. शिक्षा, यूवा तथा खेलकूद शाखाका लागि रू. ९ करोड ७० लाख १३ हजार विनियोजन गरेकी छु।

**जनस्वास्थ्य तथा आयुर्वेद सेवा**

५६. नि:शुल्क आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच सुनिश्चित गर्दै गाउँपालिका भित्रका सबै नागरिकहरूलाई आधा घण्टा भित्रै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पुहुँच सुनिश्चित गरिनेछ। नेपाल सरकारले निशुल्क गरेका सबै औषधी तथा स्वास्थ्य सेवाहरु अस्पताल तथा स्वास्थ्य केन्द्रहरुबाट नि:शुल्क र सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाई छिटो, छरितो गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

५७. सामुदायिक स्वास्थ्य सेवा कार्यक्रमलाई थप व्यवस्थित गर्न महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई उत्प्रेरणा, हौसला र क्षमता अभिवृद्धि सहित सुदृढिकरण गरिनेछ। सुनौला १००० दिने आमा र बच्चाको पोषण अवस्थाको सुधार ल्याउन उपाध्यक्ष एकीकृत स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । पूर्ण खोप सुनिश्चितता दिगोपन तथा खोप सेवालाई थप प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा कोल्ड चेन सब सेन्टरको स्थापना गरिनेछ।

५८. स्वास्थ्य क्षेत्रको सर्वव्यापी पहुँच र उपभोगका लागि उच्चतम डिजिटल प्रविधिको प्रयोग गरी स्वास्थ्य संस्थाबाटै विशेषज्ञ सहितको गुणस्तरीय तथा चिकित्सकीय स्वास्थ्य सेवामा पुहँच पुऱ्याउन टेलीहेल्थ तथा टेलीमेडिशिन कार्यक्रमको संचालन तथा विस्तार गरिनेछ। स्वास्थ्य शिविर संचालन तथा नसर्ने रोगको स्कृनिङ, उपाध्यक्ष एकीकृत स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रू. १५ लाख, ३० हजार विनियोजन गरेकी छु।

५९. महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको नि:शुल्क परीक्षण गरिनेछ। लिङ्गको आधारमा गरिने गर्भपतनलाई निरूत्साहित गरी उमेर नपुगी हुने विवाह र गर्भधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक अभ्यासलाई सम्बोधन गर्न महिला तथा किशोरी लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ। मातृ तथा नवजातशिशु कार्यक्रम, प्रजनन रुग्णता स्वास्थ्य सेवा, परिवार नियोजन सेवा, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजातशिशु उपचार कार्यक्रम, पोषण कार्यक्रम, किशोर किशोरी स्वास्थ्य सेवालाई निरन्तरता दिएकी छु। यसका लागि रू. २६ लाख ९४ हजार विनियोजन गरेकी छु।

६०. मृगौला प्रत्यारोपण गरेका डायलइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च वापत मासिक रू ५ हजारका दरले उपचार खर्च उपलब्ध गराइने छ। यसका लागि रू. १ लाख ५० हजार विनियोजन गरेकी छु।

६१. गाउँपालिकामा रहेको आर्युर्वेद औषधालयलाई व्यवस्थित बनाई आवश्यक आयुर्वेदिक तथा शक्तिवर्द्धक औषधिको व्यवस्थापन गर्न, योग शिविरको संचालन लगायतका कार्यक्रम संचालन गरिनेछ। यसका लागि रू. ५ लाख विनियोजन गरेकी छु।

६२. आयुर्वेद तथा जनस्वास्थ्य शाखाका लागि रू २ करोड, ३ लाख ८८ हजार विनियोजन गरेकी छु।

६३. वहुक्षेत्रीय पोषण कार्यक्रम "उपाध्यक्ष कोशेली कार्यक्रम" को रुपमा संचालन गरिनेछ। यस अन्तरगत सुरक्षित मातृत्व कार्यक्रम, पोषण चौतारी कार्यक्रम, घरघर करेसावारी, एकलमहिला- सबैभन्दा पहिला, पोषण मैत्री संस्था/टोल विकास जस्ता कार्यक्रमलाई निरन्तरता दिएकी छु। गाउँपालिकालाई पोषण मैत्री पालिका घोषणा गरिनेछ। यसका लागि रू. १५ लाख ५ हजार विनियोजन गरेकी छु।

६४. लोकसंस्कृति, भाषा, भेषभुषा, चालचलनहरूको संरक्षण गरिनेछ। साथै स्थानीय कला, संस्कृतिको संरक्षण, संम्बर्द्धन र विकासका लागि समय सापेक्ष विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ। परम्परागत मेला, जात्रा तथा पर्वहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनलाई प्रभावकारी वनाईनेछ। यसका लागि रू. ५ लाख विनियोजन गरेकी छु।

## खानेपानी स्वच्छता तथा सरसफाई

६५. सबैको लागि शुद्ध र स्वच्छ खानेपानी व्यवस्थापन गर्न संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको समन्वय तथा साझेदारीमा पालिकावासीहरुलाई स्वच्छ र सफा पानीको आपूर्ति गर्न "**एक घर एक धाराको**" नीति अन्तर्गत आगामी आर्थिक बर्ष भित्र सबै घरधुरीहरुमा स्वच्छ खानेपानी सहित एक घर एक धारा कार्यक्रम सम्पन्न गरिनेछ। पानी स्वच्छता मापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गर्दै समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्वन गरी समन्वयात्मक एवम् पारदर्शी प्रणाली अनुरुप सेवा प्रदान गर्न गाउँपालिकास्तरमा खानेपानीका योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईने छ। यसका लागि रू. ६६ लाख ४० हजार विनियोजन गरेकी छु।

६६. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त, समुदाय तथा विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मुख बनाउने, पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाई अभियान संचालन गरिनेछ। गाउँपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता विश्लेषण तथा योजना निर्माणका लागि N-WASH योजना निर्माण गरिनेछ। यसका लागि रू. ३ लाख ६० हजार विनियोजन गरेकी छु।

**महिला वालवालिका तथा समाजकल्याण**

६७. समाजमा विद्यमान विकृति, विसंगति, कुरीति, कुसंस्कार, घरेलुहिंसा जस्ता अमानवीय र सामाजिक हित विपरित हुने क्रियाकलापहरुको अन्त्य गरी भयमुक्त, न्यायपूर्ण र समानतायुक्त समाजको निर्माणका लागि आवश्यक नीति नियम बनाई कार्यान्वयन गरिनेछ । जातीय विभेद, मानव बेचविखन, लैगिंक हिंसा र विद्युतीय अपराधविरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । लैगिंक हिंसा न्यूनिकरण गरी गाउँपालिकालाई लैगिंक हिंसामुक्त पालिका घोषणा गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । समतामूलक समाज निर्माणका लागि नागरिक सचेतना तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रू. ६ लाख विनियोन गरेकी छु ।

६८. आर्थिक सामाजिक विकासलाई प्राथमिकता दिई "**महिलासँग उपाध्यक्ष कार्यक्रम**" संचालन गरिनेछ । विपन्न तथा असाहय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपर्जनका लागि व्यवसायिक तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । दलित, आदिवासी जनजाती, अपांग, अल्पसंख्यक तथा पछाडि परेका लक्षित वर्गको उत्थान, संरक्षण र विकासका लागि आयआर्जन, सीप विकास, तालिम, रोजगारी, व्यवसाय विकास जस्ता विशेष योजना तथा कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ । जीविकोपार्जन सुधार कार्यक्रमलाई सहभागितामूलक र थप व्यवस्थित गरी सञ्चालन गरिनेछ । यसका लागि रू. १७ लाख ९० हजार विनियोजन गरेकी छु ।

६९. सामाजिक सुरक्षाका कार्यक्रम संचालनका लागि दिगो स्रोत व्यवस्थापनको नीति लिइनेछ । हाल संचालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइने र लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउँदै लगिनेछ । **ग** र **घ** वर्गका अपाङ्गता भएका व्यक्तिलाई दिईने सामाजिक सुरक्षा भत्ता र एकल पुरूष (विदुर) भत्तालाई निरन्तरता दिएकी छु । स्रोतको विस्तारसँगै सुविधा र दायरा विस्तार गर्दै लगिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

७०. **"ज्येष्ठ नागरिकसँग अध्यक्ष"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरुको जीवनयापनमा सहयोग पुग्ने वस्तु तथा सेवा सहित वृद्धवृदाहरुलाई सम्मान गरिनेछ । अन्तरपुस्ताको ज्ञान, अनुभव र सीप हस्तान्तरणका लागि निर्माण गरिएको ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गरी थप कार्यक्रम विस्तार गरिनेछ । यसका लागि रू. ५ लाख विनियोजन गरेकी छु

७१. दलित समुदायको उत्थान, आय आर्जन, कला, सीप तथा जीविकोपार्जनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको आधुनिकिकरण र व्यवसायिकरण गरिनेछ । जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसलाई "**तीनै तहका सरकारको सन्देश, जातीय भेदभावको पूर्ण बन्देज**" भन्ने नाराका साथ मनाइनेछ । यसका लागि रू. ६ लाख विनियोजन गरेकी छु ।

७२. महिला बालबालिका तथा समाज कल्याण इकाईका लागि रू. ३५ लाख ९० हजार विनियोजन गरेकी छु ।

**भौतिक पूर्वाधार तथा स्वरोजगार कार्यक्रम**

७३. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको अनिवार्य र कडाईका साथ पालना गरिनेछ । भवन निर्माण आचार संहिता लागू गरी गाउँपालिका अन्तरगत निर्माण गरिने सार्वजनिक तथा निजी भवन/घरहरु निर्माण गर्नुपूर्व गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा नक्सापास गराई निर्माण अनुमति लिने व्यवस्था मिलाइनेछ । निर्माण सम्पन्न भइसकेका घर/भवनहरूको अनिवार्यरूपमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था मिलाइनेछ । विकास निर्माणसँग सम्बन्धित सरोकारवाला पक्षहरूको क्षमता तथा दक्षता अभिवृद्धि गरी विकास निर्माण कार्यलाई गुणस्तरीय बनाइनेछ । यसका लागि रू. १० लाख विनियोजन गरेकी छु ।

७४. गाउँपालिकाका नदी/खोलाहरुमा आवश्यकता अनुसार पुल निर्माण गरिनेछ । चौकीबगर मज्जे सितोला होपरी सडक निर्माण गरिनेछ । दोमाल मन्दिर निर्माण, छिपुला केदार मण्डप, भूमिराज मण्डप निर्माण गरिनेछ । यसका लागि रू. १ करोड ४१ लाख विनियोजन गरेकी छु ।

७५. वडा नं. ४ स्थित निर्माणाधिन रहेको श्री खण्डेश्वरी माध्यमिक विद्यालयको भवन निर्माण आयोजनाका लागि स्रोतको सुनिश्चितता गरिएको छ । यसका लागि रू. १ करोड ५० लाख विनियोजन गरेकी छु ।

७६. गाउँपालिकाका नदी/खोलाहरुमा आवश्यकता अनुसार पुल निर्माण गर्न संघीय तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुसँग समन्वय गरी निर्माण गरिनेछ । यसका लागि रू ३५ लाख विनियोजन गरेकी छु ।

७७. गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय विद्युत प्रशारण लाइन विस्तारको कार्यलाई तिव्रतापूर्वक गर्न सम्बन्धित निकायसँग विशेष पहल गरिनेछ । राष्ट्रिय प्रशारण विद्युत लाईन विस्तार, मर्मत तथा विद्युतिकरण कार्यलाई उच्च प्राथमिकताका साथ सार्थक पहल गरिनेछ । लघु तथा साना जलविद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिका भित्र निर्माण भएका साना तथा लघु जलविद्युतलाई राष्ट्रिय ग्रिड लाईनमा जोड्न ग्रिड कनेक्सन सम्भाव्यता अध्ययन गरिनेछ । निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु जलविद्युतलाई व्यवस्थित तथा नियमन गरिनेछ । यसका लागि रू. ६ लाख विनियोजन गरेकी छु ।

**श्रम तथा रोजगारी,**

७८. शिक्षित रोजगारविहिन युवाहरुलाई रुची र योग्यता अनुसार स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । ६० देखि ६७ वर्ष उमेर समूहका नागरिकहरुलाई समेत समेटी "**अध्यक्ष स्वरोजगार**" कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका क्षेत्रमा श्रृजना हुने रोजगारीका अवसरमा स्थानीय यूवा-यूवतीहरुलाई प्राथमिकता दिइनेछ । यसका लागि रू. २० लाख विनियोजन गरेकी छु ।

७९. रोजगारी श्रृजनाका लागि विभिन्न सरकारी निकाय, गैरसरकारी तथा निजीक्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय युवा युवतीहरुलाई विभिन्न सीपमूलक तथा स्वरोजगार सम्बन्धी तालिमहरुमा संलग्न गरी रोजगारी श्रृजना गर्न आवश्यक पहल गरिनेछ । सरकारी सेवामा प्रवेश गर्न इच्छुक युवाहरुलाई लोक सेवा तथा भाषा तयारी कक्षा संचालनको लागि आश्यक व्यवस्था गरिनेछ । यसका लागि रू. ५ लाख विनियोजन गरेकी छु ।

८०. "श्रमको सम्मान अपिहिमालको अभियान" भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ । असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिवृद्धि गरिनेछ । यसका लागि आवश्यक बजेटको ब्यवस्था गरेकी छु ।

८१. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ । यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत

रोजगार प्रणालीमा प्रविष्टी गरी रोष्टरमा रहेका रोजगार विहिनहरूलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चत गरिने छ। यसका लागि रू. ७४ लाख ८१ हजार विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**

**विपद व्यवस्थापन,**

८२. गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक विपदजन्य घटना न्यूनिकरण गर्न सरोकारवाला निकाय तथा सरकारी, गैरसरकारी संघ संस्थाहरूसँगको समन्वय र सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ। वडास्तरमा गठन गरिएका खोज, उद्दार टोलीहरूको क्षमता अभिवृद्धि गरिनेछ। विपदजन्य घटनाको खोज, उद्दार लगायतका कार्यमा वडास्तरमा गठन गरिएका खोज उद्दार टोलीलाई परिचालन गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु।

८३. विपद रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष परिचालन गरिनेछ र राहत उद्दार तथा पुनर्स्थापना, विपद् तथा महामारी व्यवस्थापनका लागि परिस्थिति एवं आवश्यकतानुसार तत्काल योजना तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ। यसका लागि रू. २० लाख विनियोजन गरेकी छु।

**वन वातारण तथा भूमी व्यवस्थापन**

८४. वन, जैविक विविधता र जलाधार व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ। वन सम्पदाको दिगो उपयोग र वनजन्य उद्यम विकास गर्दै गाउँपालिकाको अर्थतन्त्रमा यसको योगदान बढाइनेछ। यसका लागि रू. ४ लाख विनियोजन गरेकी छु।

८५. गाउँपालिकाको जग्गाको वर्गिकरण गरी कार्यान्वयनमा ल्याइनेछ। यसका लागि रू. ३ लाख विनियोजन गरेकी छु।

**वडागत योजना तथा कार्यक्रम,**

८६. वडागत आयोना तथा कार्यक्रमा वडाबाट नै कार्यान्वयन हुने व्यवस्था मिलाएकी छु। ६ वटै वडाको वडागत योजना तथा कार्यक्रम संचालनका लागि रू. १ करोड ८० लाख बजेट विनियोजन गरेकी छु।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र,**

८७. क्षमता अभिवृद्धि तथा प्रोत्साहनमूलक कार्यक्रम मार्फत गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यदक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाइनेछ । नागरिकहरुलाई छिटो छरितो र स्थानीय स्तरमै सेवा प्रवाह गर्न गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुलाई थप व्यवस्थित गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी वनाईनेछ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत समग्र जनशक्तिका लागि तालिम, अध्ययन, अवलोकन कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

८८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् महालेखापरीक्षकको कार्यालयबाट समय समयमा जारी भएका सुझाव तथा निर्देशनहरूको गम्भिरतापूर्वक कार्यान्वयन गरिनेछ । सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्न उक्त सुझाव र निर्देशनहरूको आधारमा गाउँपालिकाका सम्वद्ध नीति, कानून, निर्देशिका, मापदण्डमा क्रमिक रूपमा आवश्यक परिमार्जन एवम् संशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

८९. न्यायिक समितिको संस्थागत विकास गरी नागरिकलाई न्यायमा सहज पहुँच पुर्‍याइनेछ । न्यायिक समितिमा दर्ता हुन आएका विवादहरूको न्यायिक निरोपण छिटोछरितो र मेलमिलापको माध्यमबाट हुने व्यवस्था मिलाइनेछ । सबै वडा कार्यालयमा मेलमिलप केन्द्र सञ्चालनमा ल्याइनेछ । मेलमिलाप केन्द्रलाई साधनस्रोत सम्पन्न बनाइनेछ । न्यायिक कार्यसँग सम्बन्धित अभिलेखलाई व्यवस्थित बनाउदै अद्यावधिक गरिनेछ । यसका लागि रू. ६ लाख ५० हजार विनियोजन गरेकी छु ।

९०. गाउँपालिका अन्तर्गत शान्ति, अमनचयन र नागरिकको जीउधनको सुरक्षाको निमित्त गाउँपालिका क्षेत्रभित्रका स्थानीय सुरक्षा निकायहरुलाई थप व्यवस्थित, क्रियाशिल र जनमुखी बनाइनेछ । पालिका भित्रका मुख्य बजार क्षेत्रमा CCTV जडान अगामी आर्थिक बर्ष भित्रै गरिनेछ । यसका लागि रू. ३ लाख ५० हजार विनियोजन गरेकी छु ।

९१. आन्तरिक आयमा वृद्धि गर्न करका दर भन्दा दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ । नियमित रुपमा कर तिर्ने र कर छलि गर्नेलाई प्रोत्साहन र दण्ड जरिवानाको व्यवस्था गरिनेछ । सम्पूर्ण उद्योग धन्दा तथा व्यापार व्यवसायहरुलाई अभिलेखिकरण गर्दै कानून बमोजिम कर निर्धारण गरी राजश्वका श्रोत बृद्धि गरिनेछ । गाउँपालिकाबाट संकलन गरिने

मालपोत, घरकर, राजश्व, शुल्क, दस्तुर आदि व्यवस्थित र नियमन गरी राजश्व संकलनलाई प्रभावकारी र पारदर्शी बनाइनेछ। यसका लागि रू. ५ लाख विनियोजन गरेकी छु।

**सभाध्यक्ष महोदय,**

**अव म माथि उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

९२. आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कूल रू. ३१ करोड ६ लाख १४ हजार विनियोजन गरेकी छु।

९३. आर्थिक वर्ष २०८१/०८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व परिचालनबाट रू. २० लाख, नेपाल सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. ७ करोड १५ लाख, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ७ करोड ३२ लाख, संघीय सशर्त अनुदान रू. ११ करोड १ लाख ४३ हजार, संघीय विशेष अनुदान रू. १ करोड ५० हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने अनुमानित रकम रू. २० लाख ४१ हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ५९ लाख ५६ हजार, प्रदेश सशर्त अनुदान रू. ६६ लाख ८० हजार, प्रदेश विशेष अनुदान ७० लाख, प्रदेश समपूरक अनुदान २८ लाख ५० हजार र बाँकी स्रोत बैंक मौज्दातबाट प्राप्त हुने अनुमान गरेकी छु।

**सभाध्यक्ष महोदय,**

९४. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय र व्ययको विवरण अनुसूचीमा उल्लेख गरेकी छु। मध्यमकालिन खर्च संरचना र वडा, विषयगत शाखाको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरिएकोछ।

९५. आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट गाउँपालिकामा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी, बेरोजगारी, आर्थिक असमानता तथा समाजिक विभेद र वञ्चितिकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पूँजी निर्माण, मानव विकास, विधिको शासन, प्रभावकारी सेवा

प्रवाह, संघीयता कार्यावन्यन र सुशासन प्राप्तिका लागि बलियो आधार निर्माण गरी आत्मनिर्भर, स्वचालित र समृद्ध अर्थतन्त्रको विकास हुने विश्वास लिएकी छु ।

९६. बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष, विषयगत समितिका संयोजक, जनप्रतिनिधिप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मैले यस गरिमामय सभामा पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नु भएकोमा सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।

९७. बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचानात्मक सुझाव दिनुहुने राजनीति दल, संघीय तथा प्रदेश सभाका सदस्यज्यू, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, संचार जगत र देश विदेशमा रहनु भएका गाउँपालिकावासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

९८. आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सुशासन र सामाजिक न्यायको प्रत्याभूत गर्दै समुन्नत अपिहिमाल निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएकी छु ।

९९. अन्तमा, गाउँपालिकामा विद्यमान गरिबी तथा बेरोजगारी, श्रम पलायन, सामाजिक विभेद, वञ्चितिकरण तथा बहिष्करण जस्ता आर्थिक तथा सामाजिक तथा साँस्कृतिक क्षेत्र, सार्वजनिक वित्त व्यवस्थापन र आयोजना व्यवस्थापन समस्या तथा चुनौतीको सम्बोधन गर्दै **"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"** निर्माणको दीर्घकालिन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्ने गरी तर्जुमा गरिएको प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सम्बद्ध सबैको अर्थपूर्ण सहभागिता एवम सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

# अनुसूची-१

## आय र व्ययको अनुमान

## आर्थिक वर्ष २०८१/०८२

| क्र स | बजेटका स्रोतहरु | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को अनुमानित |
|---|---|---|---|---|
| **क.** | **आय अनुमान** | **३४५३८७** | **२६३९७७** | **३१०६१३** |
| **१** | **आन्तरिक आय** | **१८१६** | **१६१९** | **२००३** |
| | आन्तरिक राजश्व | १८१६ | १६१९ | २००३ |
| **२** | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **६१४७५** | **५०७१७** | **७३५४१** |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *६०४९८* | *४९७७९* | *७१५००* |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | *९७७* | *९३८* | *२०४१* |
| **३** | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **६१८** | **८२१** | |
| | *वन रोयल्टी* | *६१८* | *५४८* | *०* |
| | *खानी तथा खनिज रोयल्टी* | *०* | | |
| | *पर्वतारोहण रोयल्टी* | *०* | *२* | *०* |
| | *विद्युत रोयल्टी* | *०* | *२७१* | *०* |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | *०* | *०* | |
| **४** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **२५५७६३** | **१८५२२९** | **१९८३४३** |
| | *वित्तीय समानीकरण अनुदान* | *८०१७२* | *५७४०७* | *७३२००* |
| | *सशर्त अनुदान* | *१३५५९१* | *११३१२५* | *११०१४३* |
| | *समपुरक अनुदान* | *३५०००* | *३१९७* | *०* |

| | | | | |
|---|---|---|---|---|
| | *विशेष अनुदान* | *५०००* | *११५००* | *१५०००* |
| **५** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ९२४० | १२१७९ | २२४८६ |
| | *वित्तीय समानीकरण अनुदान* | *५३४०* | *४१६०* | *५९५६* |
| | *सशर्त अनुदान* | *०* | *४३००* | *६६८०* |
| | *समपुरक अनुदान* | *२५००* | *१३६६* | *२८५०* |
| | *विशेष अनुदान* | *१४००* | *२३५३* | *७०००* |
| **६** | **अन्य अनुदान** | | | ० |
| **७** | **अन्तर स्थानीय तह साझेदारी रकम** | | | |
| **८** | **जनसहभागिता** | | | |
| **९** | **आन्तरिक ऋण** | | | |
| **१०** | **मौज्दात रकम** | **१६४७५** | **१३४१२** | **१४२४०** |
| **ख.** | **जम्मा खर्च** | **३०९३८०** | **३०९३८०** | **३१०६१४** |
| १ | चालु खर्च | १९६८८७ | १९६८८७ | २२८११४००० |
| २ | पुँजीगत खर्च | ११२४९३ | ११२४९३ | ८२५००००० |
| ४ | वित्तीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | | | |
| **ग.** | **बचत (–) न्यून (+)** | -३६००७ | ४५४०३ | **-३१०६१४** |

## अनुसूची-२

## शीर्षक गत व्ययको अनुमान

## आर्थिक वर्ष २०८१/०८२

**आर्थिक वर्ष २०८१|०८२ का लागि विषयगत शाखा, वडा कार्यालयका लागि निर्धारण गरिएको बजेट सीमा (शसर्त अनुदान बाहेक)**

**बजेट रु. हजारमा**

| क्र.सं. | शीर्षकको नाम | संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | १ | ७५५४१००० | ७५५४१००० |
| २ | प्रशासकीय भवनको मूल्य अभिवृद्धि कर वापत थप दायित्व | १ | ५०००००० | ५०००००० |
| ३ | अपि वेस क्याम्प पदमार्गको समपूरक | १ | ५०००००० | ५०००००० |
| ४ | १० शैया अस्पतालको दायित्व | १ | ३०००००० | ३०००००० |
| ५ | प्रदेश योजनाको समपूरक (प्रदेश सरकारसँगको साझेदारी कोष) | १ | २८५०००० | २८५०००० |
| ६ | पर्यटन बोर्ड नेपालसँगको साझेदारी | १ | २५०००००० | २५०००००० |
| ७ | नवप्रवर्तन कार्यक्रमका लागि साझेदारी | १ | १५०००००० | १५०००००० |
| ८ | झोलुङ्गे पुल साझेदारी | १ | २५०००००० | २५०००००० |
| ९ | सडक बोर्ड नेपालसँगको साझेदारी | १ | ५०००००० | ५०००००० |
| १० | IDS नेपालको कार्यक्रमसँगको सझादारी | १ | ५०००००० | ५०००००० |
| ११ | अन्य साझेदारी (समपूरक कोष) | १ | ६५०००० | ६५०००० |
| १२ | शिक्षा यूवा तथा खेलकूद शाखा | १ | २२९००००० | २२९००००० |
| १३ | स्वास्थ्य शाखा | १ | २०३०००० | २०३०००० |

| | | | | |
|---|---|---|---|---|
| १४ | पूर्वाधार विकास शाखा | १ | १०००००० | १०००००० |
| १५ | कृषि शाखा | १ | १०००००० | १०००००० |
| १६ | पशु सेवा इकाइ | १ | १०००००० | १०००००० |
| १७ | महिला तथा बालबालिका समाज कल्याण इकाइ | १ | २७००००० | २७००००० |
| १८ | सूचना प्रविधि शाखा | १ | ५००००० | ५००००० |
| १९ | विपद् व्यवस्थापन शाखा | १ | २०००००० | २०००००० |
| २० | उद्योग विकास शाखा | १ | ५००००० | ५००००० |
| २१ | वन वातावरण तथा भूमि सेवा इकाई | १ | ७००००० | ७००००० |
| २२ | खानेपानी तथा सरसफाई स्वच्छता प्रवर्द्धन इकाइ | १ | ३०००००० | ३०००००० |
| २३ | न्यायीक समितिको सचिवालय | १ | ६५०००० | ६५०००० |
| २४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | | ३७०००० | ३७०००० |
| २५ | नं. १ वडा | १ | १९००००० | १९००००० |
| २६ | नं. २ वडा | १ | २४००००० | २४००००० |
| २७ | नं. ३ वडा | १ | ४३००००० | ४३००००० |
| २८ | नं. ४ वडा | १ | ३७००००० | ३७००००० |
| २९ | नं. ५ वडा | १ | २२००००० | २२००००० |
| ३० | नं. ६ वडा | १ | ३५००००० | ३५००००० |
| ३१ | पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | १ | १०००००० | १०००००० |
| ३२ | राजस्व सुधार कार्यक्रम | १ | ५००००० | ५००००० |
| ३३ | भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम | १ | ५००००० | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | लोक सेवा तथा भाषा कक्षा कार्यक्रम | १ | ५०००० | ५०००० |
| ३५ | शान्ति सुरक्षा व्यवस्थापन | १ | ३५०००० | ३५०००० |
| ३६ | निर्मित संरचनाको मर्मत तथा पुन निर्माण | १ | १०००००० | १०००००० |
| ३७ | अध्यक्ष स्वरोजगार कार्यक्रम | १ | २०००००० | २०००००० |
| ३८ | महिला तथा बालबालिका समाज कल्याण इकाइ | १ | ६००००० | ६००००० |
| ३९ | दोमाल मन्दिर निर्माण | १ | ५००००० | ५००००० |
| ४० | थुम्ती पिचास मन्दिर निर्माण | १ | ५००००० | ५००००० |
| ४१ | घामी गाउँ मसानी मन्दिर निर्माण | १ | १००००० | १००००० |
| ४२ | खिर्म पन्यार खानेपानी मूहान संरक्षण वडा नं. २ घुसा | १ | ३००००० | ३००००० |
| ४३ | भूमिराज मण्डप पुर्निमाण वडा नं. ३ क्षेत्ती | १ | ५०००००० | ५०००००० |
| ४४ | सहकारी तथा वित्तीय क्षेत्र व्यवस्थापन | १ | २००००० | २००००० |
| **कूल जम्मा व्यय** | | | | १६८९४१००० |
| **कूल आय** | | | | १६८९४१००० |

# राजस्व प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८१/०८२

**अनुसूची-३**

**(रु. हजारमा)**

| शीर्षक | २०७९/८० को सथार्थ सङ्कलन | २०८०/८१ को संसोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **राजस्व बाँडफाँडबाट प्राप्त राजस्व** | **६१५५८** | **५०७४६** | **७३५४१** | | |
| नेपाल सरकार | ६०४९९ | ४९७७९ | ७१५०० | नेपाल सरकार | |
| प्रदेश सरकार | १०५९ | ९६७ | २०४१ | प्रदेश सरकार | |
| **रोयल्टी बाँडफाँडबाट प्राप्त राजस्व** | **६१८** | **८२२** | **०** | | |
| वन रोयल्टी | ६१८ | ५४९ | ० | | |
| खानी रोयल्टी | ० | ० | ० | | |
| विद्युत रोयल्टी | ० | २७१ | ० | | |
| पर्वतारोहण रोयल्टी | ० | २ | ० | | |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | | |
| **आन्तरिक राजस्व** | **१८१६** | **१६६९** | **२००३** | | |
| ११३१४ भुमिकर/मालपोत | २०४.२ | २१०.० | २५२.० | गाउँपालिका | |
| ११३२१ वहाल कर | २७८.३ | १२०.० | १४४.० | गाउँपालिका | |
| 11322 वहाल विटौरी कर | ०.० | १०.० | १२.० | गाउँपालिका | |
| 11631 कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.० | २८.० | ३३.६ | गाउँपालिका | |
| ११६९१ अन्य कर | ११५.६ | १३२.० | १५८.४ | गाउँपालिका | |
| १४२२१ न्यायिक दस्तूर | ०.० | ३.० | ३.६ | गाउँपालिका | |

| | | | | |
|---|---|---|---|---|
| 14224 परीक्षा शुल्क | ०.० | १२.० | १४.४ | गाउँपालिका |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३५४.५ | ३६३.० | ४३५.६ | गाउँपालिका |
| १४२४३ सिफारिश दस्तुर | १३३.३ | ९५.७ | ११४.८ | गाउँपालिका |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३०.५ | ६६.० | ७९.२ | गाउँपालिका |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३२.७ | ३०.० | ३६.० | गाउँपालिका |
| १४२४९ अन्य दस्तुर | ३०४.७ | १३२.० | १५८.४ | गाउँपालिका |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०५.३ | ३३.० | ३९.६ | गाउँपालिका |
| 14263 जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.० | ५.० | ६.० | गाउँपालिका |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २.० | २७.० | ३२.४ | गाउँपालिका |
| १४३१३ धरौटी सदरस्याहा | ०.० | ६.० | ७.२ | गाउँपालिका |
| १४६११ व्यवसाय कर | २५५.४ | ३९६.० | ४७५.२ | गाउँपालिका |
| 33343 विज्ञापन कर | ०.० | १.० | १.२ | गाउँपालिका |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **२५८४०६.०** | **१८३०८९.०** | **१९८३४३.०** | |
| वित्तीय समानीकरण अनुदान | ८०१७३ | ५८७६० | ७३२०० | नेपाल सरकार |
| सशर्त अनुदान | १३४३३३ | १०८९७५ | ११०१४३ | नेपाल सरकार |
| समपुरक अनुदान | ६४०० | ३१९७ | ० | नेपाल सरकार |
| विशेष अनुदान | ३७५०० | १२१५७ | १५००० | नेपाल सरकार |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **०** | **९९५०** | **२२४८६** | |
| वित्तीय समानीकरण अनुदान | ० | ० | ५९५६ | प्रदेश सरकार |
| सशर्त अनुदान | ० | ८४५० | ६६८० | प्रदेश सरकार |
| समपुरक अनुदान | ० | ० | २८५० | प्रदेश सरकार |
| विशेष अनुदान | ० | १५०० | ७००० | प्रदेश सरकार |
| अन्य अनुदान | | | ० | |

| | | | | |
|---|---|---|---|---|
| अन्तर स्थानीय तह साझेदारी रकम | | | | |
| जनसहभागिता | | | | |
| आन्तरिक ऋण | | | | |
| **मौज्दात रकम** | १६५०५ | १३४१२ | १४२४० | गाउँपालिका |
| **जम्मा** | **३३८९०३** | **२५९६८८** | **३१०६१४** | |

अनुसूची -४

लैङ्गिक उत्तरदायी बजेट अनुसारको व्यय अनुमान

आ.व. २०८१/०८२

| क्र.स. | शाखा/उपशाखागत बजेट | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद शाखा | १४५१६००० | ७१४२५००० | १२०७२००० | ९८०१३००० |
| २ | स्वास्थ्य तथा आयुर्वेद शाखा | ४८७७००० | ० | १६०६१००० | २०९३८००० |
| ३ | कृषि विकास शाखा | १८५००० | ५२५००० | २१७५००० | २८८५००० |
| ४ | पशु सेवा इकाइ | ५४४००० | ० | १३९२००० | १९३६००० |
| ५ | पुर्वाधार शाखा | ३३०००००० | ३००००० | १९२५०००० | २२८५०००० |
| ६ | रोजगार सेवा केन्द्र | ७२५२००० | १८००००० | ४२९००० | ९४८१००० |
| ७ | महिला बालबालिका तथा समाज कल्याण इकाइ | २७०००००० | ० | ८९०००० | ३५९०००० |
| ८ | लघु उद्यम शाखा | ९४०००० | ० | ८६०००० | १८००००० |
| ९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ११५५००० | ० | ३५०००० | १५०५००० |
| १० | सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई | २५१००० | २४४००० | ० | ४९५००० |
| ११ | सुचना तथा प्रविधि शाखा | ० | ० | ५००००० | ५००००० |
| १२ | खानेपानी सरसफाई तथा स्वच्छता इकाइ | २३०००० | ० | २७७०००० | ३०००००० |
| १३ | न्यायिक शाखा | ४००००० | ० | २५०००० | ६५०००० |
| १४ | वन भुमि व्यवस्थापन | १००००० | ० | ६००००० | ७००००० |
| १५ | विपद व्यवस्थापन | ५००००० | ० | १५००००० | २०००००० |
| १६ | आर्थिक विकास | ० | ० | ५००००० | ५००००० |
| १७ | शान्ति सुरक्षा व्यवस्थापन | ० | ० | ३५०००० | ३५०००० |
| १८ | वडागत | ० | ० | १८०००००० | १८०००००० |
| १९ | सहकारी तथा वित्तीय क्षेत्र | ० | ० | २००००० | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | पर्यटन | ० | ० | ६०००००० | ६०००००० |
| २१ | विभिन्न निकायसँगको साझेदारी | ० | ० | ८१५०००० | ८१५०००० |
| २२ | गाउँ कार्यापालिकाको कार्यालयको चालु खर्च | ० | ० | ७५५४१००० | ७५५४१००० |
| २३ | संघीय विशेष अनुदान | ० | ० | १५०००००० | १५०००००० |
| २४ | प्रदेश सर्शत अनुदान | ० | ० | ६६८०००० | ६६८०००० |
| २५ | प्रदेश विशेष अनुदान | ० | ० | ७०००००० | ७०००००० |
| २६ | प्रदेश समपुरक अनुदान | ० | ० | २८५०००० | २८५०००० |
| | जम्मा खर्च | ३६९५०००० | ७४२९४००० | १९९३७०००० | ३१०६१४००० |

| संकेत | लैङ्गिक उत्तरदायी बजेट | रकम | प्रतिशत | |
|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ३६९५०००० | ११.८९ | |
| २ | अप्रत्यक्ष लाभ | ७४२९४००० | २३.९२ | |
| ३ | तटस्थ | १९९३७०००० | ६४.१९ | |

# अनुसूची-५

## जलवायु परिवर्तन बजेट अनुसारको व्यय अनुमान

| सि.नं. | निकाय | प्रत्यक्ष लाभ | अप्रत्यक्ष लाभ | तटस्थ | जम्मा |
|---|---|---|---|---|---|
| १ | शिक्षा यूवा तथा खेलकूद शाखा | ४०००० | ० | ९५११३००० | **९५५१३०००** |
| २ | स्वास्थ्य शाखा | ८०७५००० | ० | १२३१३००० | **२०३८८०००** |
| ३ | कृषि विकास शाखा | २१७५००० | ६०००० | ६५०००० | **२८८५०००** |
| ४ | पशु सेवा इकाई | ५८०००० | ९००००० | ४५६००० | **१९३६०००** |
| ५ | योजना/पूर्वाधार विकास शाखा | ६००००० | ४००००० | २९८०००००० | **३०८०००००** |
| ६ | सूचना प्रविधि शाखा | ० | ० | ५००००० | **५०००००** |
| ७ | महिला बालबालिका तथा समाज कल्याण इकाई | ० | ३५९०००० | ० | **३५९००००** |
| ८ | विपद व्यवस्थापन | २०००००० | ० | ० | **२००००००** |
| ९ | खानेपानी सरसफाई तथा स्वच्छता इकाइ | ६८०००००० | १५०००० | ५०००० | **७००००००** |
| १० | रोजगार सेवा केन्द्र | ० | ५०२२००० | २४५९००० | **७४८१०००** |
| ११ | उद्योग विकास शाखा | ० | १४०००० | १६६०००० | **१८०००००** |
| १२ | सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई | ० | ० | ४९५००० | **४९५०००** |
| १३ | आयुर्वेद औषधालय | ० | ० | ५५०००० | **५५००००** |
| १४ | बुहक्षेत्रीय पोषण कार्यक्रम | ० | ० | १५०५००० | **१५०५०००** |
| १५ | वन वातावरण तथा भूमि सेवा इकाई | २५०००० | ५०००० | ४००००० | **७०००००** |
| १६ | न्यायीक समितिको सचिवालय | ० | ० | ६५०००० | **६५००००** |
| १७ | गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम | १३००००० | २६००००० | ३०५०००० | **६९५००००** |
| १८ | समपूरक तर्फ | ० | ० | २११५०००० | **२११५००००** |
| १९ | खेलकूद विकास समिति | ० | ० | १५०००००० | **१५०००००** |
| २० | वडागत वजेट (१-६) | २८९०००० | १०००००० | १४११०००० | **१८००००००** |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | प्रदेश विशेष तर्फ | ० | ३०००००० | ० | **३००००००** |
| २२ | प्रदेश सशर्त तर्फ | ० | ० | ६६८०००० | **६६८००००** |
| २३ | गाउँ कार्यपालिकाको कार्यालयको चालु खर्च | ० | ० | ७५५४१००० | **७५५४१०००** |
| | **जम्मा** | **२५०७००००** | **१६९१२०००** | **२६८६३२०००** | **३१०६१४०००** |

| **संकेत** | **जलवायु परिवर्तन बजेट** | **रकम** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | ५३०५००० | ८.०७ | |
| २ | अप्रत्यक्ष लाभ | २९१०९००० | ५.४४ | |
| ३ | तटस्थ | २७६२००००० | ८६.४८ | |
| **जम्मा** | | **३१०६१४०००** | १००.०० | |

# अनुसूची-६

## दिगो विकास लक्ष्य संकेतका आधारमा विनियोजित रकम

| दिगो विकास सङ्केत | दिगो विकास लक्ष्य | रकम | प्रतिशत |
|---|---|---|---|
| ० | सांकेतिकरण नगरिएको | २२२२६३६० | ७.१६% |
| SDG-1 | गरिबीको अन्त्य | २३८६००० | ०.७७% |
| SDG-2 | शून्य भोकमरी | १३३५००० | ०.४३% |
| SDG-3 | स्वस्थ जीवन | २५६०३००० | ८.२४% |
| SDG-4 | गुणस्तरीय शिक्षा | ९९५०८००० | ३२.०४% |
| SDG-5 | लैङ्गिक समानता | ४२३०००० | १.३६% |
| SDG-6 | स्वच्छ पानी र सरसफाइ | ४१७०००० | १.३४% |
| SDG-7 | आधुनिक ऊर्जामा पहुँच | २०००००० | ०.६४% |
| SDG-8 | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ६७७६१००० | २१.८२% |
| SDG-9 | उद्योग प्रबर्धन र पूर्वाधार | २६२००००० | ८.४३% |
| SDG-10 | असमानता न्यूनीकरण | २५४०००० | ०.८२% |
| SDG-11 | शहरहरु र समुदायको दिगोपना | ४९५०००० | १.५९% |
| SDG-12 | उपभोग र उत्पादनमा जिम्मेवारीपना | १५५०००० | ०.५०% |
| SDG-13 | जलवायु परिवर्तन अनुकुलन | १५४०००० | ०.५०% |

| | | | |
|---|---|---|---|
| SDG-14 | जलमुनिको जीवन | ० | ०.००% |
| SDG-15 | भूसतह स्रोतको उपयोग | २३००००० | ०.७४% |
| SDG-16 | शान्ति, न्याय र सुदृढ संस्थाहरु | ७८५९६४० | २.५३% |
| SDG-17 | दिगो विकासको लागि साझेदारी | ३४४५५००० | ११.०९% |
| | **कूल जम्मा** | **३१०६१४०००** | **१००%** |